सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

सूचना सार्वजनिक गरेको अवधिः २०८३ बैशाख देखि २०८३ असारसम्म

पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

पोखरा महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

न्युरोड, पोखरा, गण्डकी प्रदेश, नेपाल

(१) निकायको स्वरुप र प्रकृति:

वि.सं. २०१६ साल पौष २ गते १३ वडा सहित स्थापना भएको पोखरा नगरपालिका, पोखरा नगर पञ्चायत नामाकरण भएको २०५२ मा विस्तारित भई १८ वडा सहितको उप-महानगरपालिका बनेको हो। गणतन्त्र स्थापना पश्चात् २०७१ मङ्सिर १६ गते पोखरा उपमहानगरपालिका आसपासका तत्कालीन गाउँ विकास समितिहरू मिलाएर २९ वटा वडा पुर्यालएर पोखरा उप-महानगरपालिकामा रूपान्तरित भयो। २०७२सालमा नेपालको संविधान जारी भए पछि राज्य पुनः संरचना हुँदा साविकको पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका र आसपासका गाविसहरू मौजा, चापाकोट, कास्कीकोट, पुरञ्चौर पुरै, भदौरे तामांगीका वडा नं ३ र ९, माझठानाका वडा नं १, ४ र ९, र कालिकाका वडा नं १ र ५ मिसाएर ३३ वडा कायम गरी २०७३ फागुन २७ गते पोखरा लेखनाथ महानगरपालिका गठन भएको हो । पोखरा महानगरपालिका नगर सभाको सिफारिस बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५ साउन २३ गतेको निर्णयअनुसार पोखरा लेखनाथ महानगरपालिकाको नाम हेरफेर भई पोखरा महानगरपालिका कायम भएको छ।

पोखरा महानगरपालिकाको क्षेत्रफल ४६४.२४ वर्ग कि.मि. रहेको छ भने कुल जनसङ्ख्या ५,१३,५०४ (राष्ट्रिय जनगणना २०७८ संक्षिप्त नतिजा) छ । महानगरपालिकाको केन्द्र साविक पोखरा उप-महानगरपालिका कार्यालय नै रहनेछ। पोखरा महानगरपालिकाको पूर्वी सिमानामा मादी र रुपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका पर्वत र स्याङ्जा जिल्ला रहेको छ उत्तरी सिमानामा माछापुच्छ्रे र मादी गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्ला रहेको छ।

निकायको परिचय

- प्रदेशः गण्डकी प्रदेश
- जिल्लाः कास्की
- क्षेत्रफलः ४६४.२४ वर्ग कि.मी
- वडा संख्याः ३३
- दीर्घकालिन सोचः"समुन्नत पोखराको आधार, सबल अर्थतन्त्र र पूर्वाधार"
- परिवार संख्याः१,४०,४५९ जनसंख्याः ५,१३,५०४ महिलाः २,६५,९९५ पुरुषः २,४७,५०९
- साक्षरता प्रतिशतः ८८.७%
- कार्यरत कर्मचारी संख्याः ६५८
- औसत तापक्रमः २१.५^{0}C
- विद्यालय

सामुदायिक	माध्यमिक विद्यालय	७३
	आधारभूत विद्यालय	१२३
संस्थागत	माध्यमिक विद्यालय	७६
	आधारभूत विद्यालय	१६१

(२) निकायको काम, कर्तव्य र अधिकार:

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची–९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र गण्डकी प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ।

नेपालको संविधानले तोकेका काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ एम सञ्चालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्याङ्क र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार, व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक , कृषि सडक र सिंचाइ
- गाउँ सभा, नगर सभा , मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन , पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क संकलन
- कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
- घर जग्गा धनी पूर्जा वितरण
- खानेपानी, साना जलविद्युत आयोजना, बैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधर, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

(३) निकायमा रहने कर्मचारी विवरण:

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ। उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको

विवरण पोखरा महानगरपालिकाको वेभसाइट pokharamun.gov.np मा समेत राखिएको छ । निकायमा रहने कर्मचारी विवरण मिति २०८१/०८/२८ मा नगरसभाबाट स्वीकृत दरबन्दी संरचना अनुसार रहेको छ।

महानगरपालिकाको कार्यालय अन्तर्गत महाशाखा/शाखामा रहेका कर्मचारी(प्रमुख)हरुको विवरण

क्र सं.	कर्मचारीको नाम	पद	महाशाखा	सम्पर्क नं.
१	श्री हेम प्रसाद आचार्य	उप सचिव दशौ	शैक्षिक प्रशासन महाशाखा प्रमुख	९८४६२१९४३३
२	श्री जयराम पौडेल	उप सचिव दशौ	आर्थिक प्रशासन महाशाखा प्रमुख	९८५६०३१३१८
३	श्री मनहर कडरिया	उप सचिव दशौ	आर्थिक विकास महाशाखा प्रमुख	९८५६०५३३२०
४	श्री निर्मला शर्मा	उप सचिव दशौ	प्रमुख सामाजिक विकास महाशाखा	९८५७६२५१२५
५	श्री भरतराज पौडेल	उप सचिव नवौं	स्वास्थ्य महाशाखा प्रमुख	९८५६०५८२८८
६	श्री कृष्ण प्रसाद तिवारी	उप सचिव नवौं	प्रशासन महाशाखा प्रमुख	९८५६००३०४५
७	श्री नवराज पौडेल	उप सचिव नवौं	राजश्व प्रशासन महाशाखा	९८४५९९१५९९
८	श्री बिमल रन्जन कार्की	सि.डि.ई	प्रमुख, पर्यटन तथा शहरी विकास महाशाखा	९८४९४९२८३२
९	श्री सुरेन्द्र पाण्डे	सि.डि.ई	प्रमुख, पूर्वाधार विकास महाशाखा	९८५६०३५९०४
१०	श्री अशोक कुमार सूनार	अधिकृतस्तर आठौ	प्रमुख यो.अ. तथ सूचना प्र.महाशाखा	९८४६६३९४६८
११	श्री विष्णु माया पौडेल	म.वि.अधिकृत आठौं	म.वि.अधिकृत आठौं	९८४६०४७६१४
१२	श्री अनिल कार्की	अधिकृत आठौ तह	प्रमुख खरिद शाखा	९८४१७२३८५८
१३	श्री रोमनाथ उपाध्याय	व.आ.ले.प. अधिकृत	शाखा प्रमुख, आलेप शाखा	९८५६०३५३५०
१४	श्री नारायण प्रसाद शर्मा	वरिष्ठ कानून अधिकृत	शाखा प्रमुख, कानुन शाखा	९८५६०२०८२०

शाखा प्रमुख

क्र सं.	कर्मचारीको नाम	पद	शाखा	सम्पर्क नं.
१	श्री शिशिर अर्याल	सिनियर ईन्जिनियर आठौं	शाखा प्रमुख, सडक, पुल शाखा	९८४१०१८७११
२	श्री विवेक कुमार खत्री	सिनियर ईन्जिनियर आठौं	प्रमुख खानेपानी शाखा	९८४६२७९११९
३	श्री नविन गौतम	सिनियर ईन्जिनियर आठौं	URLIP, NUGIP फोकल पर्सन	९८४६७९५९०५
४	श्री नवराज अधिकारी	अधिकृत आठौं	व्यवसाय प्रवर्द्धन केन्द्र प्रमुख	९८५६००३०५२
५	श्री राजु रेग्मी	ईन्जिनियर सातौं	पूल शाखा प्रमुख	९८५६०३२४८४
७	श्री ईश्वरी प्रसाद पौखरेल	प्रशासकीय अधिकृत सातौं	पन्जिकरण शाखा प्रमुख	९८५६०२३६७९
८	श्री दिपेन्द्र पण्डित	प्रशासकीय अधिकृत सातौं	राजश्व प्रशासन शाखा	९८४३०३१०९४
९	श्री टिकाराम वजगाई	प्रशासकीय अधिकृत सातौं	प्रशासन शाखा प्रमुख	९८४४८३९३२०
१०	श्री सुवास ढुङ्गाना	सूचना प्रविधि अधिकृत सातौं	सूचना प्रविधि शाखा	९८४६७६०३६०
११	श्री नारायण प्र. अधिकारी	सहायक प्रशासकीय अधिकृत	प्रमुख, भण्डार तथा आपूर्ति शाखा	९८५६०३८२८३
१२	श्री विष्णु प्रसाद दाहाल	संयोजक, अधिकृत छैटौ	प्रमुख, श्रम तथा रोजगार शाखा	९८५६००१००२

पोखरा महानगरपालिका
महानगरपालिकाको कार्यालय
कास्की
प्रदेश नं. गण्डकी

वडा कार्यालय अन्तर्गत रहने वडा सचिवहरुको नामथर,पद र सम्पर्क नं सहित

वडा नं.	वडा सचिवको नामथर	दर्जा	सम्पर्क नं.
१	श्री पोष्टनारायण ढकाल	प्रशासकीय अधिकृत	९८४६१३४९६४
२	श्री याचना श्री खवास	सहायक प्रशासकीय अधिकृत	९८४६१५०६१९
३	श्री विष्णु प्रसाद लामिछाने	सहायक प्रशासकीय अधिकृत	९८४६०३६३१३
४	श्री कमला गुरुङ	सहायक प्रशासकीय अधिकृत	९८४६७७९९९९
५	श्री लक्ष्मण शर्मा	प्रशासकीय अधिकृत	९८४९६२२१७८
६	श्री विष्णु प्रसाद शर्मा	प्रशासकीय अधिकृत	९८४५५४४८३८
७	श्री राजेन्द्र पौडेल	प्रशासकीय अधिकृत	९८५६०३६१७५
८	श्री प्रमिला सुवेदी	सहायक प्रशासकीय अधिकृत	९८४६१२०७३१
९	श्री मीना कुमारी भूजेल	सहायक प्रशासकीय अधिकृत	९८४६३९९३५८
१०	श्री शिवहर्री शर्मा	सहायक प्रशासकीय अधिकृत	९८५६०३८०००
११	श्री मिना कुमारी बराल	प्रशासकीय अधिकृत	९८४६०३६५०५
१२	श्री शारदा सापकोटा	सहायक प्रशासकीय अधिकृत	९८४६२८०११८
१३	श्री अञ्जु गुरुङ्ग	प्रशासकीय अधिकृत	९८४६०४७९२०
१४	श्री नुमनाथ पाध्या	प्रशासकीय अधिकृत	९८४६०३५३३४
१५	श्री मोतिराज पोख्रेल	प्रशासकीय अधिकृत	९८५६०१०८४०
१६	श्री कुल प्रसाद पौडेल	सहायक प्रशासकीय अधिकृत	९८५६०१११४१
१७	श्री सुरेन्द्र प्रसाद शर्मा	सहायक प्रशासकीय अधिकृत	९८६३४५१७९६
१८	श्री चोलाकान्त पौडेल	सहायक प्रशासकीय अधिकृत	९८५६०३५४२३
१९	श्री झंकनाथ पौडेल	प्रशासकीय अधिकृत	९८५६०५०१०७
२०	श्री राम प्रसाद तिवारी	सहायक प्रशासकीय अधिकृत	९८४५७१२६८४
२१	श्री कृष्ण प्रसाद शर्मा	प्रशासकीय अधिकृत	९८४७६२६७१०
२२	श्री अमृत लामिछाने	सहायक प्रशासकीय अधिकृत	९८६७७४७९३३
२३	श्री कुलराज पौड्याल	सहायक प्रशासकीय अधिकृत	९८५७६२४८२४
२४	श्री ईन्द्र बहादुर जि.स.	बरिष्ठ प्रशासन सहायक	९८६१८८००६८
२५	श्री नारायण क्षेत्री	सहायक प्रशासकीय अधिकृत	९८५६०३८६६०
२६	श्री लिलामणि भण्डारी	सहायक प्रशासकीय अधिकृत	९८५६०३६३५८
२७	श्री रामचन्द्र पौडेल	प्रशासकीय अधिकृत	९८५६०३३२४२
२८	श्री महेश्वर अर्याल	प्रशासकीय अधिकृत	९८४१८७११८५
२९	श्री हरिमाया खत्री	सहायक प्रशासकीय अधिकृत	९८४१०२५९१२
३०	श्री खुमलाल लामिछाने	प्रशासकीय अधिकृत	९८४६६२०९८०
३१	श्री राजेन्द्र सुवेदी	प्रशासकीय अधिकृत	९८४६५७१४८९
३२	श्री कमल खासु	प्रशासकीय अधिकृत	९८६७८७२२५३
३३	श्री मोहन प्रसाद ढुङ्गाना	सहायक प्रशासकीय अधिकृत	९८५६०४८५१७

(४) निकायबाट प्रदान गरिने सेवा:

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र गण्डकी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), नगर सभा तथा नगर कार्यपालिकाका निर्णयहरु तथा पोखरा महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ। कार्यालयबाट प्रदान गरिने सेवाका सम्बन्धमा कार्यालयमा राखिएको नागरिक बडापत्रमा समेत उल्लेख गरिएको छ।

(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरु, समितिहरु, महाशाखाहरु, शाखाहरु, ३३ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन्। महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण पो.म.पा.को वेभसाइट pokharamun.gov.np मा समेत उल्लेख गरिएको छ।

कार्यालय प्रमुखको नाम पद र सम्पर्क नः

नामथरः श्री मुक्तिराम अर्याल

पदः प्रमुख प्रशासकीय अधिकृत, सहसचिव

सम्पर्क नः ९८५६००७१११

महाशाखा प्रमुखहरु र जिम्मेवार कर्मचारीहरुको विवरण

क्र.स	आयोग/महाशाखाको नाम	महाशाखा प्रमुखको नाम थर	कैफियत
१	प्रशासन महाशाखा	श्री कृष्ण प्रसाद तिवारी	
२	योजना अनुगमन तथा सूचना प्रविधि महाशाखा	श्री अशोक कुमार सुनार	
३	पूर्वाधार विकास महाशाखा	श्री सुरेन्द्र पाण्डे	
४	पर्यटन तथा शहरी विकास महाशाखा	श्री बिमल रन्जन कार्की	
५	वित्त व्यवस्थापन महाशाखा	श्री जयराम पौडेल	
६	आर्थिक विकास महाशाखा	श्री मनहर कडरिया	
७	शैक्षिक प्रशासन महाशाखा	श्री हेम प्रसाद आचार्य	
८	सामाजिक विकास महाशाखा	श्री निर्मला शर्मा	
९	स्वास्थ्य महाशाखा	श्री भरतराज पौडेल	
१०	राजश्व महाशाखा	श्री नवराज पौडेल	

(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण पोखरा महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय राजपत्र, नागरिक वडापत्र समेतबाट निर्धारण गरे बमोजिम हुनेछ। यस सम्वन्धी व्यवस्था पोखरा महानगरपलिकाको वेभसाइट pokharamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की

(७) निर्णय गर्ने प्रक्रिया र अधिकारी:

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

क्र.स	निर्णय	निर्णयकर्ता	कैफियत
१	महाशाखागत कार्य	महाशाखा प्रमुख	
२	निकायको समग्र प्रशासनिक कार्य	प्रमुख प्रशासकीय अधिकृत	
३	नीतिगत निर्णय	नगर सभा/कार्यपालिका बैठक/ नगर प्रमुख/ प्रमुख प्रशासकीय अधिकृत	
४	न्यायिक समिति निर्णय	न्यायिक समिति / नगर उप प्रमुख	

(८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूले सुनुवाई गर्ने व्यवस्था गरिएको छ ।

(९) सम्पादन गरेको कामको विवरण:

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

महानगरपालिका अन्तर्गत रहेका महाशाखामा सम्पादित कार्य विवरण

१. प्रशासन महाशाखा

सेवा प्रवाहको अवस्था

- विभिन्न विषयगत समिति/आयोग/प्रतिष्ठान/महाशाखा/शाखाहरु र अन्तर्गत निकायहरुबाट सेवा प्रवाह हुँदै आएको छ ।

सेवा प्रवाहमा सुधारात्मक पक्षहरु

- सेवा प्रवाहमा एकद्वार प्रणाली
- Digital Citizens Charter को व्यवस्था
- सेवा प्रवाहमा प्रविधिको प्रयोग
- उद्यमशीलता प्रवर्दन गर्न व्यवसाय प्रवर्दन केन्द्र स्थापना
- सेवा प्रवाहमा चेकलिष्टको अनिवार्यता



- हेल्प डेस्कको व्यवस्था
- सेवाग्राही विश्रामस्थलको व्यवस्था
- प्राविधिक जनशक्ति उत्पादन
- सेवाग्राही सन्तुष्टि सर्भेक्षण
- वडा लगायत विभिन्न ४१ खर्च केन्द्रबाट भुक्तानि
- कृषि उत्पादनमा समर्थन मूल्य निर्धारण
- कृषि उत्पादन र उद्धमको आधारमा अनुदान वितरण
- ५० लाख सम्मका विकास योजना कार्यान्वयन वडाबाटै
- वडा तथा महानगर Profile निर्माण सम्पन्न
- घर नक्शा अभिलेखिकरण थालनी

संस्थागत सुशासन तथा जवाफदेहीता प्रवर्दनका लागि गरिएका नवीन कार्यहरु

- Help Desk को व्यवस्था
- Hello Mayor
- One Door Service Delivery
- Client Waiting Room
- Public Hearing
- Social Auditing
- Projects Monitoring and Reporting
- Reward and Punishment System
- O and M Survey under discussion
- In-service and Periodic Training
- Grievance Handling unit
- Information Officer
- Clean and Green Pokhara Radio Program
- Providing Toll Free number for complaints and grievances

अभिलेख व्यवस्थापन

- कर्मचारीको व्यक्तिगत फाइल अध्यावधिक
- घर नक्शा डिजिटल अभिलेख
- राजश्व डिजिटल अभिलेख
- लेखांकन प्रणाली डिजिटल अभिलेख

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पृथ्वीचौक, कास्की
गण्डकी प्रदेश, नेपाल

- खरिद व्यवस्थापन डिजिटल अभिलेख
- योजना कार्यान्वयन डिजिटल अभिलेखको चरणमा
- कर्मचारी व्यवस्थापन Manual Record भएकोमा MIS मार्फत Digital Record Keeping System मा जाने तयारीमा
- E-Attendance
- E-Correspondence
- Dress Code follow
- Record keeping with document Scanning

दक्षता वृद्धिका लागि गरिएका प्रयासहरु

- ✓ कर्मचारी क्षमता अभिवृद्धि तालिम
- ✓ जनप्रतिनिधि क्षमता अभिवृद्धि तालिम
- ✓ कर्मचारी सेवाकालिन तालिम
- ✓ राजश्व सम्बन्धी तालिम
- ✓ कम्प्यूटर तालिम
- ✓ स्वास्थ्य तथा शिक्षा र कृषि क्षेत्रमा सामयिक तालिम

नीतिगत सुधारका लागि गरिएका कार्यहरु

- ➢ विभिन्न कानुन निर्माण
- ➢ नियमावली निर्माण
- ➢ कार्यविधिहरु निर्माण
- ➢ मापदण्ड निर्माण

कार्यालय व्यवस्थापन

- Hierarchy management
- Following managerial tools-forecasting and planning, organizing, staffing, directing, coordinating and controlling.
- Reducing office costs and optimum use of resources by the efficiency and effectiveness and proper planning and controlling of the activities.
- Managing change, maintaining public relation, optimizing social benefits.

- Promote innovation, leadership, smooth flow of work
- कार्यकक्ष व्यवस्था
- विद्युत तथा खानेपानीको व्यवस्था
- फर्निचर
- ई-हाजिरी व्यवस्था
- कार्य विभाजन र कर्मचारी व्यवस्थापन
- महाशाखा/शाखा/फाँट

Grievance through Hello Mayor and Toll Free Number

- Through Hello Government
- Through Hello Mayor
- To the Deputy Mayor
- To the Chief Administrative Officer
- Through Information Officer
- To the Grievance Handling Officer
- Through e-mail

गुनासो सुनुवाइ र सुझाव पेटीमा प्राप्त गुनासो फछ्र्यौट

- सुझाव पेटीकामा प्राप्त गुनासाहरु हरेक महिना खोलि मुचुल्का गर्ने गरिएको
- सुझाव पेटीकामा प्राप्त गुनासाहरुको संख्या- ५३
- गुनासो फछ्र्यौटको संख्या- ४५

एकद्वार प्रणालीको प्रभावकारिता

- सेवाग्राहीलाई कोठाकोठामा पुग्नु पर्ने झन्झट हटेको
- सेवाग्राहीको समय बचत भएको
- काम नभएकोमा के कारणले नभएको थाहा हुने
- आवश्यक कागजात पुरा भएमा तुरुन्तै कार्य हुने
- सेवाग्राहीलाई विश्रामस्थलको व्यवस्था, पिउने पानीको व्यवस्था, फ्रि वाईफाईको व्यवस्था भएकोले सेवाग्राहीमा सकारात्मक प्रभाव पर्दै गएको।

सेवा प्रवाहमा प्रभावकारिता र भ्रष्टाचार विरुद्द शून्य सहनशिलता

- कार्यालयबाट कानुन पालानामा कडाई
- बैकल्पिक व्यवस्था गरेर मात्र विदा स्वीकृत हुने
- अनियमित र भ्रष्टाचारजन्य कार्य हुनसक्ने स्थानमा निगरानि बढाइएको
- विकास निर्माणका कार्यको नियमित अनुगमन र सुपरिवेक्षण
- अख्तियार वा अन्य निकायबाट हुने अनुसन्धानमा सहयोग र सहजिकरण
- मिडियाबाट बाहिर ल्याईएका सवालहरुमा अनुगमन गरी छानविन गरिएको र दोषि पाईएकोमा कारवाही गरिदै आएको।
- कर्मचारी कार्यालयबाट बाहिर निस्किदा अनिवार्य रुपमा लगबुकको व्यवस्था
- कर्मचारीको नियमित अनुगमन तथा निरीक्षण

कर्मचारी शासक नभई सेवक हुन भन्ने भावनाको विकास

- सकारात्मक सोंच सम्बन्धी तालिम
- सचेतना कार्यक्रम
- कानुनको कार्यान्वयन गर्ने संयन्त्र भएको जानकारी
- Implementation of People First guidelines
- Keeping the fact in mind that **people are sovereign**;
- जनताको उन्नति र प्रगतिका लागि विकास निर्माण एवं सामाजिक कल्याणका कार्यक्रम
- Well-being of the society is the well-being of the people and the nation.

प्रशासनिक सुधारका लागि गरिएका नवीनतम प्रयास

१. एकद्वार प्रणालीबाट सेवा प्रवाह
२. गुनासो सुन्ने व्यवस्था र गुनासो फछ्र्यौट
३. E-Attendance कडाई गरिएको
४. नियमित सार्वजनिक सुनवाई र सामाजिक परीक्षण
५. वडा तथा महाशाखामा अधिकार प्रत्यायोजन

कानुन

निर्माण भएका कानुनहरु

- निर्माण भएका कानुन- नभएको
- ऐनः ४ वटा

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

- नियमावली- नभएको
- कार्यविधि- २ वटा
- निर्देशिका- नभएको
- मापदण्ड- नभएको
- मापदण्ड संशोधन- वटा
- मुद्दा दर्ता- १० वटा
- ठाडो उजुरी- ९४ वटा
- फैसला- ५ वटा
- अदालत गएका मुद्दा- नभएको
- अदातलको फैसला- नभएको
- अदालतबाट उल्टिएका मुद्दा- नभएको
- मुल्तवि भएका - नभएको
- अदालतसंग समन्वय र सहकार्य

निरीक्षण शाखा (नगर प्रहरी)

- सडक व्यापारलाई निरुत्साहित
- छाडा चौपायाहरुले गर्दा सडक दुर्घटना हुने कुरालाई मध्यनजर गर्दै छाडा चौपायाहरुको व्यवस्थापन
- पर्यटकीय राजधानी पोखराको सुन्दरतामा आँच आउने खालका यत्रतत्र राखिएका एवं समयावधि सकिएका व्यानर, होडिङ्ग बोर्ड (३००० तीन हजार) तथा निर्माण सामाग्री हटाईएका
- महानगर अन्तर्गतका व्यस्त बजारमा पैदलयात्रीको सहज आवतजावत तथा सवारी दुर्घटनालाई न्यूनिकरण गर्ने सडक पेटी खुला गरीदै आएको।
- विना इजाजत तथा मापदण्ड विपरित निर्माण भएका संरचनालाई रोक्का राखेको
- अवैधानिक तवरले डाँडा उत्खनन गर्ने कार्य तथा सार्वजनिक जग्गामा निर्माण भएका संरचना हटाउने तथा सवारी साधन नियन्त्रणमा लिएको।

पोखरा महानगरपालिका
कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

पञ्जिकरण

व्यक्तिगत घटनादर्ता तर्फः-

जन्म	पुरुष	५३८
	महिला	४९४
	तेस्रो लिङ्गी	०
	जम्मा	१०३२
मृत्यु	पुरुष	२४७
	महिला	२१२
	तेस्रो लिङ्गी	०
	जम्मा	४५९
सम्बन्ध विच्छेद		१४५
विवाह		६१७
बसाईसरी आएको	दर्ता संख्या	३०५
	सदस्य संख्या	१०८८
बसाई सरी गएको	दर्ता संख्या	१२४
	सदस्य संख्या	३६४
जम्मा		२६८२

सामाजिक सुरक्षा तर्फः- आ.व. ०८२/८३

लक्षित समूह	संख्या
अन्य ज्येष्ठ नागरिक भत्ता	२०५९३
ज्येष्ठ नागरिक भत्ता (दलित)	२६१२
ज्येष्ठ नागरिक एकल महिला	२८६१
विधवा	३८७६
पूर्ण अपांगता भत्ता	८९१
अति अशक्त अपांगता भत्ता	१११८
दलित बालबालिका	२२६१
लोपन्मुख जाती	५
जम्मा	३४२१७

विपद व्यवस्थापन

विपदका घटनाहरुको विवरण

क्षतिको विवरण	संख्या
पहिरोबाट र खोला तथा बाढीबाट भएको क्षती	२०
आगलागिका घटना	७
जोखिम न्यूनिकरण	२४

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

शहरी विकास पर्यटन वन तथा वातावरण महाशाखा

क. घर नक्शा शाखा :

- अनलाइन घर नक्सा प्रणालीको स्तरोन्नतिका लागि UNDP को CDRMP कार्यक्रम अन्तर्गतको प्रणाली संचालनार्थ कार्य भएको
- पोखरा महानगरपालिकाको घरनक्सा पास सम्बन्धि मापदण्ड तयार भै स्वीकृत भएको
- BEEN कार्यक्रम अन्तर्गत उर्जा प्रभावकारी भवन संग सम्बन्धित कार्यक्रम संचालन भएको



१०. राजश्व महाशाखा

आ.व २०८२/८३ को आम्दानी विवरण

पोखरा महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय, कास्की
Office Code : ८०४३९२०१३००

राजस्व शीर्षक अनुसार संकलन

FY : २०८२/८३ अवधी : २०८३/०१/०१-२०८३/०३/३२

क्र.सं.	Revenue code	Revenue heading	रकम	कैफियत
१	११३१३	सम्पती कर	२,६१,००,१६८.२६	
२	११३१४	भुमिकर/मालपोत	४,२५,६७,६४४.५७	
३	११३१७	वहाल कर	८,०५,७०,०६६.५४	
४	११३१८	वहाल विटौरी कर	५४,३४०.००	
५	११६११	व्यवसायले भुक्तानी गर्ने	१,०३,७५०.००	
६	११६९१	अन्य कर	८,७५०.००	
७	१४१२९	अन्य निकायबाट प्राप्त लाभांश	३,०००.००	
८	१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	११,०२,७५९.४७	
९	१४१९१	पर्यटन शुल्क	४१,९०,७०२.००	
१०	१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	२४,०५,४००.००	
११	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	२,३४,८२,५५६.००	
१२	१४२२१	न्यायिक दस्तूर	१,२७,०१५.००	
१३	१४२२३	शिक्षा क्षेत्रको आम्दानी	१,२१,७३,०६९.००	
१४	१४२२४	परीक्षा शुल्क	१३,६००.००	
१५	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	४,८४,८००.००	
१६	१४२४२	नक्सापास दस्तुर	९,०१,५४,६७२.२५	
१७	१४२४३	सिफारिश दस्तुर	१,२८,०७,१६७.६०	
१८	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	२१,००,६००.००	
१९	१४२४५	नाता प्रमाणित दस्तुर	१४,२९,९००.००	
२०	१४२४९	अन्य दस्तुर	१,४७,६२,२१४.७७	
२१	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	६९,९४,१३३.००	
२२	१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	३६,६४,५३३.९८	
२३	१४५२९	अन्य राजस्व	१,०३,५२,८००.००	
२४	१४६११	व्यवसाय कर	२,५०,८२,१७१.००	
२५	१५१११	बेरूजू	१३,१९,१००.९०	
२६	३३३४२	मनोरञ्जन कर	७,९८,९९५.००	
२७	३३३४३	विज्ञापन कर	९,७३,२०२.००	
२८	३३३६६	दहत्तर बहत्तर शुल्क	१,५०,३२,६११.००	
		जम्मा	३७,८८,५९,७२२.३४	

अन्य + २०६०५९०६.५८
३९९४६५६२८.९२

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

(११) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:

कार्यालय प्रमुखको नाम: श्री मुक्तिराम अर्याल
पद: प्रमुख प्रशासकीय अधिकृत (सह-सचिव)
इमेल ठेगाना: muktiramaryal455@gmail.com
सम्पर्क नम्बर: ९८५६००७१११

सूचना अधिकारीको नाम: श्री कृष्ण प्रसाद तिवारी
पद: उप-सचिव (नवौँ तह)
सम्पर्क नम्बर: ९८५६००३०४५
इमेल ठेगाना: suchanaadhikari@pokharamun.gov.np

(१२) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची:

पोखरा महानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका संघीय र प्रदेश कानुन प्रतिकूल नहुने गरी आवश्यकता अनुसार स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधि, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको निर्माण, कार्यान्वयन एवम् परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची पोखरा महानगरपालिकाको वेबसाइट pokharamun.gov.np मा हाम्रो कानुन नामक होमपेजमा राखिएको छ।

(१३) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु पो.म.पा.को वेभसाइट pokharamun.gov.np मा राख्ने गरिएको छ । चालु आ.व. ०८२।०८३ को असार मसान्तसम्ममा भएको आर्थिक कारोवारको विवरण यस प्रकार रहेको छ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यौरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

पोखरा महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय, कास्की
Office Code : ८०४३९२०१३००

क्षेत्रगत बजेट तथा खर्च

FY : २०८२/८३ अवधी : २०८३/०४/०१-२०८३/०३/३२

क्र.सं.	क्षेत्र/उप क्षेत्र	Allocation	खर्च	खर्च (%)	मौज्दात
१	आर्थिक विकास	४८,७४,७५,७५४.००	१४,३९,४७,०४५.९०	२९.५३	३४,३५,२८,७०८.१०
१	कृषि	८,७९,८५,०००.००	३,२९,१७,३६४.००	३७.४	५,५०,६७,६३६.००
२	उद्योग	१,७६,७५,०००.००	७९,२९,१२२.००	४४.८६	९७,४५,८७८.००
३	पर्यटन	२०,९९,२६,१४३.००	५,१४,२३,२७५.९०	२४.५	१५,८५,०२,८७२.१०
४	सहकारी	९३,५०,०००.००	११,७६,१९२.००	१२.५८	८१,७३,८०८.००
५	वित्तीय क्षेत्र	५५,२०,०००.००	१५,९७,९०५.००	२८.९५	३९,२२,०९५.००
६	जलश्रोत तथा सिंचाई	८,८७,१८,६११.००	२,१३,७३,९३४.००	२४.०९	६,७३,४४,६७७.००
७	वन	१४,२५,०००.००	३,९५,०००.००	२७.७२	१०,३०,०००.००
८	पशुपन्छी विकास	२,१०,५०,०००.००	१,२५,५५,७२५.००	५९.६५	८४,९४,२७५.००
९	भूमि व्यवस्था	३,०२,२६,०००.००	५७,९२,०९६.००	१९.१६	२,४४,३३,९०४.००
१०	वाणिज्य	८०,००,०००.००	३३,४५,६१०.००	४१.८२	४६,५४,३९०.००
११	आपूर्ति	७६,००,०००.००	५४,४०,८२७.००	७१.५९	२१,५९,१७३.००
२	सामाजिक विकास	२,७०,९८,६७,४५०.००	७७,६१,१९,७३४.२१	२८.६४	१,९३,३७,४७,७१५.७९
१	शिक्षा	१,७८,३२,५३,२००.००	५१,३३,९६,५२६.६९	२८.७९	१,२६,९८,५६,६७३.३१
२	स्वास्थ्य	३०,५४,८२,१८०.००	११,००,४४,४३९.३०	३६.०२	१९,५४,३७,७४०.७०
३	खानेपानी तथा सरसफाई	४०,३०,२३,०००.००	७,४९,४८,६६३.२३	१८.६	३२,८०,७४,३३६.७७
४	भाषा तथा संस्कृति	५,१२,४७,९१०.००	१,४७,५९,१११.९९	२८.८	३,६४,८७,९९८.०१
५	लैगिक समानता तथा सामाजिक समावेशीकरण	३,२८,७४,३००.००	१,३५,२६,३९१.००	४१.१२	१,९३,५७,९०९.००
६	युवा तथा खेलकुद	७,१९,२७,०००.००	२,३६,९६,८९६.००	३२.८३	४,८३,१०,१०४.००
७	जनसंख्या तथा बसाईसराई	५०,०००.००	४९,८४८.००	९९.७	१५२.००
८	सामाजिक सुरक्षा तथा संरक्षण	६,२०,०९,८६०.००	२,५७,८७,०५८.००	४१.५९	३,६२,२२,८०२.००
३	पूर्वाधार विकास	३,६९,३१,९६,८३१.००	७४,०५,३७,२४९.१५	२०.०५	२,९५,२६,५९,५८१.८५
१	यातयात पूर्वाधार	२,७४,९०,८५,७६८.००	५४,००,४५,४५५.०७	१९.६४	२,२०,९०,४०,३१२.९३
२	भवन, आवास तथा सहरी विकास	७१,०९,६३,१६०.००	१३,८४,५८,९४४.६९	१९.४७	५७,२५,०४,२१५.३१
३	उर्जा	३,६४,९५,०००.००	१,०९,८८,७६४.००	३०.११	२,५५,०६,२३६.००
४	संचार तथा सूचना प्रबिधि	२७,८०,०००.००	८,०९,९५०.००	२९.१३	१९,७०,०५०.००
५	सम्पदा पूर्वाधार	१२,८४,६५,९०३.००	३,५७,९४,७८५.३९	२७.८६	९,२६,७१,११७.६९
६	बिज्ञान तथा प्रबिधि	३,८५,१८,०००.००	३१,७७,६११.००	८.२५	३,५३,४०,३८९.००
७	पुनर्निर्माण	२,६८,८९,०००.००	९,१२,६२,७३९.०८	४१.८८	१,५६,२७,२६०.९२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	५५,०२,१७,७७०.००	५,६२,३२,८०७.९०	१०.२२	४९,३९,८४,२६२.१०
१	वातावरण तथा जलवायु	३३,६२,०००.००	१६,२२,६७८.००	४८.२७	१७,३९,३२२.००
२	विपद व्यवस्थापन	५,३९,७४,०००.००	१,४८,३९,६६३.२३	२७.४९	३,९९,३४,३३६.७७
३	मानब संशाधन विकास	६७,८८,७७०.००	३४,९९,१२७.००	५१.४३	३२,९६,९५३.००
४	शान्ति तथा सुव्यवस्था	६०,६०,०००.००	२९,२३,०४६.००	४८.२४	३१,३६,९५४.००
५	कानुन तथा न्याय	१,१०,७०,०००.००	३६,२९,८४७.००	३२.७९	७४,४०,१५३.००
६	शासन प्रणाली	४,७५,०८,०००.००	८२,८८,३३१.००	१७.४५	३,९२,१९,६६९.००
७	तथ्यांक प्रणाली	३५,५०,०००.००	८,०९,६५८.६७	२२.८१	२७,४०,३४१.३३
८	गरिबी निवारण	१५,८०,०००.००	१९,१४,९२४.००	७०.५६	४,६५,०७६.००
९	श्रम तथा रोजगारी	३७,५४,५२,०००.००	१,५८,२८,१०५.००	४.२२	३५,९६,२३,८९५.००
१०	योजना तर्जुमा र कार्यान्वयन	८०,००,०००.००	५,९८,१९२.००	७.४८	७४,०१,८०८.००
११	अनुगमन तथा मूल्यांकन	१२,३४,०००.००	३,७३,८५६.००	३०.३	८,६०,१४४.००
१२	प्रशासकीय सुशासन	२,९०,३९,०००.००	२५,६३,५३२.००	८.८३	२,६४,७५,४६८.००
१३	वित्तीय सुशासन	२६,००,०००.००	१,४९,८४८.००	५.७६	२४,५०,१५२.००
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	९८,४३,९७,८९५.००	२६,००,३०,०८४.२६	२६.४२	७२,४३,६७,८९०.७४
१	कार्यालय सञ्चालन तथा प्रशासनिक	९८,४३,९७,८९५.००	२६,००,३०,०८४.२६	२६.४२	७२,४३,६७,८९०.७४
	Grand Total	८,४२,५२,५५,०००.००	१,९७,६८,६६,९२१.४२	२३.४६	६,४४,८२,८८,०७८.५८

(१४) तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत पोखरा महानगरपालिकाको वेभसाइट pokharamun.gov.np मा राखिएको छ। जस्तैः

-जरुरी सूचना
- ठेक्का बन्दाबन्दी सम्बन्धी सूचना
- विभिन्न विषय क्षेत्रगत नियमन सम्बन्धी सूचना

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

(१५) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण।

यस महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

- बार्षिक प्रगति समिक्षा
- सार्वजनिक सुनुवाई
- सामाजिक परिक्षण
- सरसफाई कार्यक्रम(फेवाताल)
- राजश्व सचेतनाका लागि स्वयंसेवक परिचालन
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई कानुनी सचेतना कार्यक्रम

(१६) सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण:

पोखरा महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी पोखरा महानगरपालिकाको आफ्नै वेबसाइट pokharamun.gov.np रहेको छ।

(१७) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

नेपाल सरकार, गण्डकी प्रदेशबाट जारी तथा अन्य प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण पोखरा महानगरपालिकाको वेबसाइट pokharamun.gov.np रहेको छ।

(१८) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम अन्तर्गत रहेको छ । आ.व. २०८२।०८३ को पहिलो, दोस्रो र तेस्रो चौमासिक प्रगति प्रतिवेदन पो.म.पा.को वेभसाइट pokharamun.gov.np मा रहेको छ।

(१९) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ।

(२०) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ।

(२१) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण:

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण पोखरा महानगरपालिका वेबसाइट pokharamun.gov.np राख्ने गरिएको छ । पोखरा महानगरपालिकाको बुलेटिन तथा विभिन्न सञ्चार माध्यमबाट महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् । आवधिक सार्वजनिक सुनुवाई, वडा स्तरीय सार्वजनिक सुनुवाई हुने गरेको छ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय